संवत् २०८२ साल भाद्र १६ गते बसेको थाहा नगरपालिका नगर कार्यपालिका बैठकको निर्णयः

थाहानगर कार्यपालिका बैठक संख्या : ००२/२०८१/२०८२

| क्र.सं. | महाशाखा/शाखा | निर्णयको संक्षिप्त ब्यहोरा |
|---|---|---|
| १ | योजना/प्रशासन शाखा | थाहा नगरपालिकाको आ.व. २०८१/०८२ को वार्षिक समीक्षा कार्यक्रम मिति २०८२ भदौ २० गते शुक्रबारका दिन आयोजना गर्ने। |
| २ | प्राविधिक/योजना | स्थानीय दररेट निर्धारणका लागि मिति २०८२/०४/०९ गते गठित समितीबाट पेश हुन आएको थाहा नगरपालिकाको स्थानीय दररेटलाई स्वीकृत गर्ने। |
| ३ | राजश्व/प्राविधिक | थाहा नगरपालिकाको ढुङ्गा गिट्टी बालुवा खानी क्षेत्रहरुको IEE प्रतिवेदन बमोजिमका एयष्लत नापजाँच तथा पुनरावलोकन गरी प्रतिवेदन पेश गर्ने प्राविधिक समिती गठन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी प्रदान गर्ने। |
| ४ | प्रशासन शाखा/स्वास्थ्य शाखा | पालुङ प्राथमिक स्वास्थ्य केन्द्रमा रिक्त रहेको मेडिकल अधिकृत पदको पदपुर्तिको लागि पालुङ प्राथमिक स्वास्थ्य केन्द्रको मिति २०८२/०४/३१ गतेको सिफारिस बमोजिम डा.दिवश राज श्रेष्ठलाई मिति २०८२/०५/१६ गतेदेखि लागु हुने गरी नियुक्ति प्रदान गर्ने। |
| ५.१ | राजश्व/प्रशासन/आर्थिक प्रशासन | स्थानीय तहहरुबाट कर (सम्पत्ती कर, व्यवसाय कर र अन्य नगदी सेवा शुल्क) संकलनको लागि प्रयोग भईरहेको विभिन्न सफ्टवेयरहरुको डाटा नेपाल सरकारको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SuTRA) मा ट्रान्सफर गरी कर संकलन गर्नुहुन भन्ने नेपाल सरकारको परिपत्र बमोजिम थाहा नगरपालिकाको साग्रिला सफ्टवेयरमा रहेको तथ्यांक क्गत्च्ब प्रणालीमा प्रविष्टीका लागि कर्मचारीहरुले अतिरिक्त काम गरेबापत एउटा करदाता प्रविष्टी गरेबापत रु.२०/- का दरले भुक्तानी दिने। |
| ५.२ | प्राविधिक/प्रशासन | थाहा नगरपालिकामा असिष्टेन्ट सब-इन्जिनियर (सहायक चौथो) पदमा कार्यरत सत्य नारायण महतोले **Bachelor in civil engineering** अध्ययन गर्न पूर्व स्वीकृती प्रदान गरिदिनुहुन भनी निवेदन पेश गर्नु भएकोमा निजलाई स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ५९ बमोजिम अध्ययन प्रयोजनको लागि प्रवेश परीक्षामा सहभागी हुन पूर्व स्वीकृती प्रदान गर्ने। |
| ५.३ | राजश्व/स्वास्थ्य शाखा | थाहा नगरपालिका वडा नं. ४ क्याम्पा डाँडामा संचालनमा रहेको अक्सिजन प्लान्टबाट अक्सिजन सिलिण्डर लिई जाने बिरामीहरुबाट ठुलो अक्सिजन सिलिण्डर बापत रु.५,०००/- र सानो अक्सिजन सिलिण्डर बापत रु.३,०००/- धरौटी लिने। |
| ५.४ | प्रशासन/स्वास्थ्य शाखा | थाहा नगरपालिकामा रिक्त रहेको जनस्वास्थ्य अधिकृत (सातौं तह), नागरिक आरोग्य सेवा केन्द्रमा रिक्त रहेको वैघ/अभियानकर्ता (चौथो तह) र बज्रबाराही स्वास्थ्य चौकीमा रिक्त रहेको कार्यालय सहयोगी पदको पदपुर्तिको लागि सुचना आव्हान गरी पदपुर्ति गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी प्रदान गर्ने। |
| ५.५ | प्रशासन शाखा | भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको जग्गा नापजाँच कार्य हाल थाहा नगरपालिकामा भईरहेकोमा जग्गा नामजाँचको लागि थाहा नगरपालिकामा कार्यरत अमिनले मात्र सम्पूर्ण कार्य गर्न नभ्याईरहेको एक जना अमिन तत्काल नियुक्ति गर्नुपर्ने भई जिल्ला सप्तरी निवासी नितेश कुमार यादवलाई मिति २०८२/०४/०१ देखि अमिनको जिम्मेवारी दिई कार्य गराईरहेकोमा निजलाई मिति २०८२/०४/०१ देखि नेपाल सरकारले चौथो तहलाई तोकेको सेवा सुविधा उपलब्ध गराउने गरी सेवा करारमा अमिन पदमा नियुक्ति गर्ने। |
| ५.६ | योजना/प्राविधिक शाखा | थाहा नगरपालिका वडा नं. ११ स्टोर डाँडामा निर्माणाधिन सामुदायिक गुठी भवनको हाल सम्म भएको कार्यको प्राविधिक मुल्यांकन बमोजिम भुक्तानी गर्ने। |

हिरेन्द्र कुमार रायमाझी
प्रवक्ता

| | | |
|---|---|---|
| ५.७ | स्वास्थ्य/आर्थिक प्रशासन | चालु आ.व.मा थाहा नगरपालिकाको लागि क्षयरोग कार्यक्रम अन्तर्गत प्राप्त बजेटलाई ब्रेकडाउन गर्ने । |
| ५.८ | प्रशासन शाखा | थाहा नगरपालिकामा लामो समय करार सेवामा सेवा गर्नुभई २०८१ साउन महिनाबाट सेवाबाट अनिवार्य अवकाश हुनुभएका स्वीपर श्री नानीमैया पोडेलाई रु.५०,०००/- नगद सहित दोसल्ला र कदर पत्रले सम्मान गर्ने । |

(हिरेन्द्र कुमार रायमाझी)
प्रवक्ता

हिरेन्द्र कुमार रायमाझी
प्रवक्ता